# चमेनागृह संचालनका लागि कोठा भाडामा लिने सम्वन्धी सूचना

**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश नं. १, नेपाल**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल, भोजपुर**
**सूचना नं० .७/०७७-०७८**
**प्रथम पटक सूचना प्रकाशन मितिः– २०७७/११/०९ गते**

यस अस्पतालको परिसरमा चमेना गृहका लागि भनी छुट्याईएको भवनमा सेवाग्राही स्वयंले भुक्तानी गर्ने गरि चमेनागृह संचालन गरिने कोठाको न्यूनत्तम भाडा दर मासिक रु.१०,०००/- (दश हजार) मात्र बिजुली र खानेपानी बाहेकलाई मानी बढाबढमा दररेट पेश गरी तपशील बमोजीमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउन चमेना गृह संचालन गर्नुपर्ने भएकाले ईच्छुक फर्मले चमेना गृह संचालनका लागि कोठा भाडामा लिन यो सूचना प्रकाशीत गरिएको छ । सूचना प्रकाशीत भएको मितिले ७ (सात) दिन अर्थात मिति २०७७/११/१५ गते भित्र ईच्छुक फर्मले कार्यालय समयमा भवन भाडाको शिलबन्दी दररेट निवेदन पेश गर्नुहुन यसै सूचनाद्धारा आह्वान गरिन्छ ।

**शर्तहरु**

१. चमेनागृह संचालन गरिने कोठाको न्यूनत्तम भाडा दर मासिक रु.१०,०००/- (दश हजार) मात्र बिजुली र खानेपानी बाहेकलाई मानी बढाबढमा दररेट पेश गर्नुपर्ने ।
२. चमेनागृह २४ सै घण्टा संचालन गर्नुपर्ने ।
३. कोठा भाडामा लिए पश्चात कोठाको रंगरोगन, कुर्सी टेबुल, भाँडावर्तन लगायतको चमेनागृह संचालन सम्बन्धी सम्पूर्ण व्यवस्थापन भाडामा लिने आँफैले गर्नुपर्ने ।
४. अस्पताल र संचालकबीच संझौता गर्नु अघि अस्पतालले धरौटी लिन आवश्यक ठानेमा संचालकले अस्पतालले तोकेबमोजिमको धरौटी बुझाउनुपर्ने।
५. चमेनागृह संचालन गर्दा उठेको बिद्युत र खानेपानी महशुलको बीलको भुक्तानी दायीत्व चमेनागृह संचालकको हुने ।
६. चमेना गृहबाट उपलब्ध गराईने खाद्य परिकारको मूल्य प्रचलीत बजारभाउभन्दा बढी हुन नहुने ।
७. चमेना गृहबाट उपलब्ध गराईने खाद्य परिकारको मूल्य सूची सबैल देख्ने गरि टाँस गर्नुपर्ने ।
८. सरसफाई सम्बन्धी नियमको पालना गर्नुपर्ने । फोहोरमैलाको उचीत व्यवस्थापन गरेको हुनुपर्ने ।
९. सूर्तीजन्य एवं मदीराजन्य सामानहरु राख्न नपाईने अर्थात निषेध गरिएको हुनुपर्ने।
१०. अस्पतालका कर्मचारीहरुलाई खाजा/ खानामा बिशेष छुटको व्यवस्था गर्नुपर्ने ।
११. बासी तथा सडेगलेका सामानहरु बेच्न नपाईने ।
१२. चमेना गृहबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण, मूल्य, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाईको स्थिति बारेमा निरन्तर अनुगमन हुने तथा पूर्व निर्धारित स्तरको सेवा प्रवाह संतोषजनक नभएमा जुनसुकै बखत अस्पतालले संझौताका शर्तमुतावीक आवश्यक कारवाही गर्ने ।
१३. शिलबन्दी दररेट रु.११ को टिकट टाँस गरेको निवेदनसाथ पेश गर्नुपर्ने, फर्मको दर्ता प्रमाणपत्र, संचालकको नागरिकता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्ने ।
१४. शिबन्दी निवेदन दर्ता गर्दा प्रोपाईटर वा आधिकारिक प्रतिनिधीले सहिछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।
१५. दाखिल हुन आएका शिलबन्दी दररेट निवेदन नियमानुसार खोल्ने, मूल्याङ्कन गर्ने र स्वीकृत गर्ने सम्पूर्ण अधिकार जिल्ला अस्पताल भोजपुरमा निहित रहेको ।
१६. शिलबन्दी निवेदन दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।
१७. शिलबन्दी निवेदनमा कबोल गरेको भाडा दररेट अङक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अङक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।
१८. अन्य कुरा संझौता बमोजिम हुने ।
१९. सुचना सम्बन्धी थप कुराहरु बुझ्नुपरेमा यस कार्यालयको website: dhbhp.p1.gov.np मा log in गरी हेर्न सकिनेछ साथै कार्यालय समयभित्र जिल्ला अस्पताल भोजपुरको सम्पर्क फोन नं: ०२९–४२०७४९, मो.नं. ९८५२०५२७४९, ईमेल-:hospitalbhp@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।

कार्यालय प्रमुख